वहिरा मतदाता:

कहिले पाउलान् 'मतदाता शिक्षा'

खग प्रसाद चापागाई
कपिलवस्तु, १ मंसिर।

जिल्लाको बुद्धभूमि नगरपालिकाको वडा नम्बर- १० राजपुरका बिरजु केवट प्रतिनिधि सभा र प्रदेशसभा सदस्यका लागि मतदान गर्न उत्सुक भए पनि कसरी र कति मत हाल्ने हो उनलाई जानकारी छैन। २६ बर्षिय केवट बहिरा मतदाता हुन। उनी बोल्न र सुन्न सक्दैनन। उनलाई मतपत्र बारेको जानकारी दिन र मत हाल्ने तरिका सिकाउन दोभासेको प्रयोग गरि साङ्केतिक भाषा गर्नुपर्ने हुन्छ। तर, उनलाई सो प्रकारको मतदाता शिक्षा प्राप्त भएको छैन। दोभासेको प्रयोग र साङ्केतिक भाषामा जानकारी नपाएका कारण आफुलाई मत हाल्ने मतपत्र र मतदान गर्ने तरिका बारे जानकारी नभएको उनले बताए।

उनी जस्तै कपिलवस्तु नगरपालिका वडा नम्बर-८ दोहनीका श्रवण कुमार कुर्मीलाई उनका बुवाले एउटा निश्चित दललाई मत हाल्ने जानकारी दिएका छन। तर, कतिवटा मत पत्र हुन्छ र मत हाल्ने सहि तरिका के हो भन्ने बारे कसैले सिकाएको छैन। "हामीलाई मतदाता शिक्षा नदिईएको मात्रै होइन, हामीले बुझ्ने सुचना सामग्री पनि उपलब्ध छैन।" कुर्मीले भने। परिवारमा बुवा आमाबाट मत हाल्ने तरिका सिकेकी कपिलवस्तु नगरपालिका वडा नम्बर-२ जमुवारकी मेनुका अग्रहरीलाई समेत साङ्केतिक भाषामा मतदाता शिक्षा दिन कोहि आएको छैन। "परिवारका सदस्यले साङ्केतिक भाषामा दिएको जानकारीले मतदान गर्न सहज हुन्छ होला। निर्वाचन कार्यालयबाट खटिएको टोलीले मतदाता शिक्षा दिएको छैन।" उनले भनिन्।

साङ्केतिक भाषा सिकेका बहिरा मतदातालाई दोभासेले सिकाउन सक्ने भए पनि साङ्केतिक भाषा नजानेका बहिराहरूको मत बदरको संभावना बढि रहेको कपिलवस्तु बहिरा संघका अध्यक्ष रिन्कु अग्रहरी बताउँछन। आफूहरूले जिल्लाको दशवटै पालिकामा तयार पारेको प्रारम्भिक तथ्याङ्क अनुसार जिल्लामा बहिराहरूको संख्या ३ सयको हाराहारीमा छ भने ५५ जना जतिले यो निर्वाचनमा मत दिंदै छन्। जिल्लामा दोभासेको व्यवस्थापनमा ध्यान नपुगेको मात्रै नभई नपढेका बहिरा मतदातालाई मतदानमा समस्या पर्ने उनको ठम्याई छ। बहिराहरूका लागी मतदाता शिक्षाको व्यवस्था नहुँदा मत बदर हुन सक्ने संभावना बढि रहेको अग्रहरी बताउछन। बहिराहरूका मतदाता शिक्षा प्रदान गर्न दोभासेको प्रयोग अनिवार्य हुन्छ। सन्देश प्रवाह गर्ने व्यक्ति र बहिराहरू बिचको दोहोरो संवादलाई दोभासेको सहयोगमा मात्रै प्रभावकारी बनाउन सकिन्छ। बहिराले प्रयोग गर्ने साङ्केतिक भाषालाई दोभाषेले सन्देश प्रवाहकलाई मौखिक भाषामा र सन्देश प्रवाहकको मौखिक सन्देश बहिराहरू सम्म प्रभावकारी रूपमा पुर्याउन दोभासेले साङ्केतिक भाषा प्रयोग गर्ने गर्दछन।

कपिलवस्तु जिल्लामा यस निर्वाचनमा २ लाख २ हजार १ सय २५ पुरुष, १ लाख ७६ हजार १ सय ५ जना महिला र २ जना अन्य गरि कुल ३ लाख ७८ हजार २ सय ३२ जना मतदाताले मतदान गर्दै छन। २०७४ सालको प्रतिनिधी र प्रदेशसभाको निर्वाचनमा जिल्लामा प्रतिनिधीसभा तर्फ प्रत्यक्षमा २ लाख ३० हजार ३ सय ५२ मतदान भएको मध्य २ लाख १६ हजार ५ सय ३८ मत सदर भएको थियो। अर्थात सो निर्वाचनमा १३ हजार ८ सय १४ मत (६ प्रतिशत) मत बदर भएको थियो। त्यसै गरि प्रदेशसभा प्रत्यक्ष तर्फ खसेको २ लाख ३ हजार ३ सय २४ मध्य १३ हजार ८ सय ३ (६ प्रतिशत) नै बदर भएको देखिन्छ। पछिल्लो पटक २०७९ बैशाख ३० मा भएको स्थानिय तहको निर्वाचनमा जिल्लामा २ लाख ८३ हजार ५ सय ७१ मतदान भयो। जस मध्य पुर्ण बदर भएको मत ५ हजार १ सय २४ (१ दशमलब ८१) प्रतिशत रहेको जिल्ला निर्वाचन कार्यालयको तथ्याङ्कले देखाउछ। देशभर कुल खसेको १ करोड २५ लाख ८४ हजार मत मध्ये २ दशमलब ४ प्रतिशत मत पूर्ण रूपमा बदर भएको देखिन्छ। यद्यपी आशिंक बदर मतको संख्या उच्च छ। यस आधारमा पनि मतदाता शिक्षा प्रभावकारी रूपमा प्रवाह गर्नु पर्ने आवश्यकता देखिएको छ।

जिल्ला निर्वाचन कार्यालय कपिलवस्तुले कार्तिक १८ देखी मंसिर १ गते सम्म जिल्लाका सम्पुर्ण ९६ वटै वडामा मतदाता शिक्षा सञ्चालन गरेको जनाएको छ। मतदाता शिक्षाका लागी सम्बन्धित वडामा कम्तिमा १/१ जना महिला स्वास्थ्य स्वयंसेविकालाई खटाईएको छ। उनीहरूले मतदाता शिक्षाका लागी नमुना मतपत्र, फिलिप चार्ट, ब्रोसर, पम्पलेट र फ्ल्याक्स प्रिन्ट लगायतका सामाग्री लिएर गाउँ गाउँमा पुगेका छन। मतदाता शिक्षा प्रभावकारी बनाउनका लागी भन्दै जिल्ला निर्वाचन कार्यालयले दश वटै पालिकामा १/१ वटा नमुना मतदानको अभ्यास समेत गराएको छ। तर नमुना मतदानकै क्रममा पनि करिब १० प्रतिशतका हाराहारीमा मत बदर भएको अवस्था रहेको जिल्ला निर्वाचन अधिकारी राजिव पन्थीले जानकारी दिए। तथ्याङ्क र पुर्व तयारी नपुग्दा अपाङ्गता भएका र बहिराहरूका लागी दोभासेको व्यवस्था गरि साङ्केतिक भाषामा मतदाता शिक्षा दिन नसकिएको पन्थीले बताए। बिभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिमा मतदाता शिक्षा केन्द्रित गर्न नसक्दा बदर मतको जोखिम रहने अधिकृत पन्थीले बताए।

नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदन गरिसकेको छ त्यस मध्ये अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी र यसको इच्छाधिन आलेखलाई सन् २०१० मा अनुमोदन गरि पक्षराष्ट्र भएको छ। तर, सोही आधारमा बनेको निती नियमहरू समेत प्रभावकारी कार्यान्वयन हुन नसकेको अपाङ्गता भएका नागरिकको गुनासो छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५ ले अशक्तताको गाम्भिर्यताको आधारमा पूर्ण अशक्त अपाङ्गतालाई रातो परिचयपत्र, अति अशक्त अपाङ्गतालाई निलो परिचयपत्र, मध्यम अपाङ्गतालाई पहेंलो परिचयपत्र तथा सामान्य अपाङ्गतालाई सेतो परिचयपत्र प्रदान गरेको छ। उक्त ऐनले शारीरिक अंङ्ग प्रणालीमा भएको समस्या तथा कठिनाईको आधारमा अपाङ्गता भएका व्यक्तिलाई १० प्रकारमा बर्गिकरण गरेको छ। सोही ऐनको परिच्छेद-३ को अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि व्यवस्थाको दफा ११ को राजनीतिक सहभागिताको अधिकारको उपदफा २ मा नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई मतदानको प्रक्रिया, सुविधा र सामग्रीलाई पहुँचयुक्त तथा बुझ्न र प्रयोग गर्न सक्ने गरी उपयुक्त व्यवस्था मिलाउनेछ भन्ने उल्लेख गरेको छ।

त्यति मात्रै होईन, मतदाता शिक्षा कार्यक्रम निर्देशिका २०७९ को परिच्छेद ९ को बिबिध सम्बन्धि व्यवस्थाको को ४४ (४) मा निर्वाचन आयोगले शिक्षा सामाग्री बिकास गर्दा निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशीकरण नीतिलाई आत्मसात गरी अपाङ्गता भएका व्यक्ति सहितका लाइ निर्वाचन तथा मतदाता शिक्षामा पहुँच अभिवृद्धि हुने गरी निर्वाचनका हरेक चरणमा समावेशीता प्रवर्द्धन गर्ने किसिमका सामग्री विकास गर्नु पर्ने उल्लेख छ। कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी तथा मतदाता शिक्षा जिल्ला स्तरीय समितीका संयोजक धर्मेन्द्र कुमार मिश्रले अपाङ्गता भएका नागरिक र बहिरा नागरिकको तथ्याङ्क र पुर्व तयारीको अभावमा उनीहरू लक्षित मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्न नकिएको जानकारी दिए। बहिरा सहितका अपाङ्गता भएका व्यक्ति लक्षित मतदाता शिक्षाका सामाग्रीको उपलब्धता र बितरणमा ध्यान पुर्याउन नसकिएको संयोजक मिश्रले स्विकार गरे।

राष्ट्रिय बहिरा महासंघ नेपालको तथ्याङ्क अनुसार नेपालमा करिब ३ लाखको संख्यामा बहिराहरू रहेका छन। निर्वाचन आयोगले मतदाता शिक्षा प्रदान गर्ने क्रममा दोभासेको प्रयोग गरि साङ्केतिक भाषाको प्रयोगको बारेमा ध्यान नदिदा बहिराहरू सम्म प्रभावकारी रूपमा मतदाता शिक्षा पुग्न नपाएको महासंघका पदाधिकारीको गुनासो छ। आफुहरूले पटक पटक निर्वाचन आयोगमा छलफल गरे पनि मतदानयोग्य बहिराहरूका लागी मतदाता शिक्षामा ध्यान पुग्न नसकेको नेपाल दोभासे संघका अध्यक्ष दिनेश श्रेष्ठको सहयोगमा गरिएको संवादमा महासंघ नेपालका महासचिव सन्तोष केसीले गुनासो गरे। "निर्वाचन आयोगले केहि श्रव्यदृश्य सामाग्रीहरूमा दोभासेको प्रयोग गरे पनि दोभासेलाई सानो आकारमा प्रस्तुत गर्दा सन्देश प्रभावकारी हुन सकेको छैन।" केसीले भने। वडास्तरका अधिकांस ठाँउमा महिला स्वास्थ्य स्वयंसेविकालाई मतदाता शिक्षाका लागी खटाईएको भए पनि उनीहरूलाई साङ्केतिक भाषाको ज्ञान नहुदाँ बहिरा साथीहरूको लागी मतदाता शिक्षाको सन्देश नपुगेको उनको बुझाई छ। "बहिरा साथीहरूका छुट्टै निर्वाचन शिक्षाको आवश्यकता छ। आयोगले समन्वय गरे हामी प्राबिधीक सहयोगका लागि तत्पर छौं।" उनले थपे।

दुगडलाई नेपाल बैंकको सम्मान

बुटवल (बुटवलटुडे), १ मंसिर- के एल दुगड समूहका अध्यक्ष किसनलाल दुगडलाई नेपाल बैंकले आफ्नो ८६ औ वार्षिकोत्सबको अबसरमा सम्मान गरेको छ। बैंकले किसनलाल दुगड आफ्नो सम्मनित, मर्यादित, नियमित सहयात्रीको रूपमा बैंकको स्थापनाकालदेखि नै ब्यबसायिक साझेदारको रूपमा रहीरहेको र यो कुरा बैंकले चिरकाल सम्म सस्थागत रूपमा स्मरण गर्ने जनाएको छ।

मुलुकमा आर्थिक कारोबारलाई प्रबर्धन गर्दै रोजगारी श्रीजना गर्ने, उत्पादनमुलक क्षेत्रमा लगानी गरी निर्यातको माध्यमबाट बिदेशी मुद्राआर्जन गर्ने, आपूर्ति प्रणालीलाई शाहअजिकरण गर्ने, आर्थिक कृयाकलाप सुचारु गर्दै उद्यमशिलताको सृवृद्धि गर्ने कार्यमा किसनलाल दुगडले पुऱ्याएको योगदानको साथी नेपाल बैंक हुन पाएकोमा पनि बैंकले गर्ब महसुस गरेको कुरा सम्मान प्रमाण पत्रमा उल्लेख छ।

नेपाल बैंकको ब्यबसायिक तथा निष्ठावान ग्राहकको रूपमा निज दुगडलाई सम्मानपत्र बितरण नेपाल राष्ट्र बैंकका गभर्नर महा प्रसाद अधिकारीले प्रदान गरेका हुन। उक्त अबसरमा सम्मान ग्रहण गर्दै किसानलाल दुगडले आफूले पहिलो बैंकिङ कारोबार नेपाल बैंकबाट गरेको, सन १९६० मा नेपाल बैंक मार्फत नै एलसि खोलेर Raw Jute निर्यात गरेको, सन १९८१ मा एउटै एलसि मार्फत बैंककै ईतिहासमा आजसम्मैकै ठूलो एलसि मार्फत चामल बंगलादेश निर्यात गरेको, बैंककै साथका कारण आफू तथा आफ्नो समूहले कृषि तथा बिभिन्न क्षेत्रसँग सम्बन्धित उद्योग खोली उत्पादित बस्तुहरू बिदेशसम्म निर्यात गर्न सक्षम भएको कुर स्मरण गर्दै बैंकको उत्तरोत्तर प्रगतीको शुभकामना दिएका थिए।

मादक पदार्थ बेचे कारबाही

खोटाङ, १ मंसिर । आसन्न निर्वाचनलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय खोटाडले मादक पदार्थ ओसारपसार, बिक्रीवितरण तथा सेवन गर्न निषेध गरेको छ। आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि प्रशासनले १ मंसिर राती १२ बजेदेखि ५ मंसिर राती १२ बजेसम्मका लागि जिल्लाभर मादक पदार्थको बिक्रीवितरण तथा सेवनमा रोक लगाएको हो । प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेडाईले मंगलबार सूचना जारी गर्दै निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका २०७८ को दफा ६ (थ), गृह-मन्त्रालय (निर्वाचन सेल) को १२ कार्तिकको पत्र बमोजिम मादक पदार्थ बेचविखन र सेवनमा कडाई गरिएको जानकारी दिएका छन् । स्थानीय प्रशासनको आदेशको बर्खिलाफ भए/गरेको पाइएमा कानून बमोजिम कारबाही हुने प्रशासनले जनाएको छ।

तु-आवश्यकता

अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त कम्पनीमा थप शाखा बिस्तारका लागि केही इमान्दार, मेहनती र लगनशील कर्मचारीको आवश्यकता।

पद: Branch Manager सम्म योग्यता र अनुभवको आधारमा

योग्यता: SEE, +2, Graduate and above

आम्दानी: कम्पनीको नियम अनुसार

40000/- भन्दा माथि (तालिम पश्चात)

नोट: दर्ता शुल्क लाग्ने छैन, फ्रि तालिम, टाढाबाट आउनेलाई खाने र बस्ने व्यवस्था

Contact:
9814541838, 9744258684
बुटवल-१०, रामनगर

समस्या अनेक? उपचार केन्द्र एक!

नेपाल सरकारद्वारा मान्यता प्राप्त बुटवलको एकमात्र आयुर्वेद क्लिनिक

यौन: सबै किसिमका शारीरिक, मानसिक, यौन दुर्बलता, धातु रोग, गुप्तरोग, स्पनदोष र पुरुष-स्त्री दुबैका कारणबाट हुने निःसन्तानपन, यौनाङ्गको विकास, महिनाबारीमा गडबडी, सेतोपानी आउने, गन्नाउने आदि (पूर्ण गोप्यताका साथ)

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, चाया, अनावश्यक कोठी वा फोकाहरु अनुहारका चाउरीपन, दुबी, सेतोदुबी, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा उचाई (निश्चित उमेरमा)

पाइल्स, फिस्टुला र फिसरको क्षारसुत्र विधिद्वारा विना अपरेसन सफल उपचार

कुलत: जाँड, रक्सी, लागू पदार्थको सेवन तथा इन्जेक्सन जस्ता कुलतहरुको परामर्श तथा पूर्ण उपचार।

मानसिक: निराशा, उदासिनता, मानसिक डर, भय, दिमागको बोधोपन, निद्रा नलाग्नु आदि।

बिना अपरेशन: पत्थरी, हाइड्रोसिल, हर्निया, अल्काई आदि।

दीर्घरोग: डायबिटिज (सुगर) बाथ, दम, पिनास, जण्डीस, ब्लडप्रेसर, एलर्जी, कपालको चायाँ तथा ग्यास्ट्रिक र अल्सरको सजिलो उपचारको लागि काठमाडौंबाट आउनु भएका विशेषज्ञ डा.हरुलाई भेटी स्वास्थ्य लाभ लिनुहोस्।

सम्पर्क: **माता मनकामना आरोग्य केन्द्र**
बुटवल-१०, (ॐ मिष्ठानन भण्डारको दोश्रो तल्ला, राजमार्ग चौराहा चोकदेखि १०० मिटर उत्तरतर्फ), **फोन: ०७१-५४८८९३, ९८४७३५२१२७**
जानकारीका लागि ठोल फ्रि नम्बर: १६६००१२५४६० यो नम्बरमा फोन गर्दा पैसा लाग्दैन।

चिसोमा सतर्कता अपनाउन विभागको आग्रह

काठमाडौं, १ मंसिर। जल तथा मौसम विज्ञान विभागले तापक्रम क्रमिकरूपमा घट्दै गएकाले सतर्कता अपनाउन आग्रह गरेको छ। विभागले एक विशेष बुलेटिन निकालेर देशभर पश्चिमी वायुको प्रभावले आंशिकदेखि सामान्य प्रभाव रही तापक्रम क्रमिकरूपमा घट्दै जाने सम्भावनासमेत देखिएकाले चिसोबाट बच्न आवश्यक सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ।

केही दिनयताको अवस्थालाई हेर्दा न्यूनतम तापक्रम अझै घट्न सक्ने बताइएको छ। महाशाखाको पछिल्लो विवरणानुसार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम नौ दशमलव शून्य डिग्री र अधिकमत तापक्रम २२ दशमलव शून्य डिग्री सेल्सियस रहेको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय, अर्घाखाची
(मुद्दा फाँट)

यसमा जिल्ला अर्घाखाँची छत्रदेव गाउँपालिका वडा नं ७ निवासी डण्डपाणिका नाती टामलालका छोरा फर्सूराम पाण्डे जैसीले मेरी आमा कौशिला देवि पाण्डेको मिति २०७७।१०।२४ मा मृत्यु भएको मृतक आमाले मलाई मिति २०५१।०७।०९ मा भगवति ६ र ७ का तपशिल अनुसारका कित्ताका जग्गा मृतक आमाको जिवित छउन्जेल पालनपोषण र मृत्यु पछि काजकृया दानपुन्य सबै मैले गरेको हुदा मेरा नाममा दा.खा गरिपाउँ भनि छत्रदेव गाउँपालिका वडा नं. ७ को च.नं. २३४ मिति २०७९।०६।३१ को किटानी सिफारिस सहित माग निवेदन पेश गरेकोले निजको मिसिल सामेल प्रमाण कागज हेर्दा निजकी आमाले निजलाई माथि उल्लेखित कित्ताका जग्गाहरू शेषपछिको बकसपत्र दिएकोमा मालपोत कार्यालय विगतको द्धन्द्धमा जलेर अभिलेख नष्ट भएका हुदा उक्त शे व तत्कालिन समयमा बदर भएको हो वा हालसम्म कायमै रहेको हो एकिन गर्न नसकिएको हुदा उक्त शे.व. बदर भएको हो वा होइन, अन्यत्र कसैको नाममा ति कित्ताका जग्गाहरू दा खा भएका छन वा छैनन ? ति कित्तामा निज निवेदक बाहेक अरू कसैको हक लाग्छ वा लाग्दैन? हालसम्म शे व कायम रहेको छ वा छैन ? सो उपर कारवाहीको सिलसिलामा कोही हकदार भएमा यो सुचना जारी भएको मितिले ३५ (पैतिस) दिनभित्र दावी विरोधका लागि स-प्रमाण यस कार्यालयमा आउनुहोला अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा फर्सूराम पाण्डे जैसीका नाममा एकलौटी शे.ब.दा.खा भइ जाने व्यहोरा सम्बन्धित सबैको लागि सुचित गरिन्छ।

तपशिल

सि नं.	गा .वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल	किसिम	कैफियत
१.	भगवति	६	६६६	१.१.०.०	आवादी	जग्गाधनिको नामः कौशिला देवि पाण्डे शे.व.दा.खा माग गर्नेः फर्सूराम पाण्डे
२.	भगवति	६	६७०	३.४.०.०	खर	
३.	भगवति	६	६७४	०.६.०.०	आवादी	
४.	भगवति	६	६७८	१.०.०.०	आवादी	
५.	भगवति	७	५५५	०.३.१.२	आवादी	
६.	भगवति	७	५५७	१.८.३.०	आवादी	
७.	भगवति	७	५५९	१.१२.०.२	आवादी	

टिकाराम पौडेल
मालपोत अधिकृत

औधोगिक क्षेत्र व्यवस्थापन लिमिटेड
बुटवल औधोगिक क्षेत्र व्यवस्थापन कार्यालय
बुटवल ,रामनगर-१०, रूपन्देही
फोन नं- ०७१-५४०१८५, ५४०५८५

बिधुतिय/बोलपत्र (e–GP) आह्वानको सुचना

(प्रथमपटक प्रकाशित मिति : २०७९/०८/०२)

१. यस व्यवस्थापन कार्यालय बुटवल, रामनगरको लागि क्षेत्र भित्र यस आ. व ०७९/०८० मा केन्द्रिय कार्यालयबाट स्वीकृत बजेट मार्फत तल उल्लेखित निर्माणको कार्य बिधुतिय बोलपत्र (e–GP) को माध्यम बाट मात्र खरिद गर्नुपर्ने हुँदा इच्छुक इजाजतप्राप्त योग्य बोलपत्रदाताहरूको लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं	सुचना नं.	विवरण	बोलपत्र दस्तुर	बोलपत्र जमानत	बोलपत्रको माध्यम/अबाधि	लागत अनुमान (ने. रू., भ्याट बाहेक)
१.	BUIDMO/CVL/ 079/080-01ST	Construction of new RCC Road inside BuID & Substation Improvement Works	रू. ३०००/-	४,८५,७३३/-	eGP/ ३० दिन	१,६०,५४,४१४/००
२.	BUIDMO/WTR/ 079/080-02ST	Construction of 6 Inch Dia new Water Supply pipeline inside BuID	रू. ३०००/-	१,२३,६५०/-	eGP/ ३० दिन	४०,४७,२९६/००

२. इक्छुक बोलपत्रदाताहरूले थप जानकारीको लागि कार्यालय समयभित्र बु. औ. क्षे. व्य. का, वा buidmo_mgmt2032@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ वा सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp बाट बिस्तृत जानकारी प्राप्त गर्न सक्नुहुनेछ।

३. बोलपत्र दस्तुर पछि फिर्ता नहुने बापतको रकम श्री बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको सानिमा बैंक बुटवल शाखामा रहेको खाता नं. ०२२-०१००१००००६५२ मा दाखिला गरी सोको बैंक/अनलाईन भौचर पेश गर्नुपर्नेछ।

४. बोलपत्र जमानत बापत राखेको बैंक ग्यारन्टीको (**रास्ट्र बैंक बाट ब्यांक ग्यारेन्टीको लागि इजाजत प्राप्त बैंक वा वित्तीय संस्था**) अबधि बोलपत्रको अबधि भन्दा थप ९० दिन अबधिको हुनुपर्नेछ। बोलपत्र जमानत बापतको रकम नगदी राखेको हकमा बुटवल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको रास्ट्रिय बाणिज्य बैंक बुटवल शाखा मा रहेको खाता नं. ३१२००१०००२०१ मा दाखिला गरी सोको भौचर पेश गर्नुपर्नेछ।

Rohini Rural Municipality
Office of the Rural Municipal Executive
Dhakdhai, Rupandehi
Lumbini Province, Nepal

Invitation for Electronic Bids

Date of First Publication: Nov 18th, 2022 (Mangsir 2nd, 2079)

The Rohini Rural Municipality , Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: **Rohini Rural Municipality** Office at Dhakdhai, Rupandehi within Office hours.

S. N.	Contract ID	Name Of Project	Description of Project Works	Estimated Amount (Including VAT & PS)	Bid Security Amount (NRs.)	Account No. for Bid Security	Fee for Bid Document (NRs.)	Account No. for Bid Document fee	Final Submission Date & Time	Bid Opening Date & Time	Bid SecurityValidity Period
1	01/NCB/Works/ RRM/2079-80	Shreenagar Gaun Dekhi Lalitpur Pakdihawa Jane Sadak Kalopatre	PCC Works,Cross Drainage Works, Sub-Base Works & Asphalt Concrete Works	1,90,42,458.29	4,77,000.00	NIC ASIA Bank Ltd., Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002	3,000.00	NIC ASIA Bank Ltd., Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003	Dec 18th, 2022 (Poush 3rd, 2079) At 12:00 pm	Dec 18th, 2022 (Poush 3rd, 2079) At 4:30 pm	120 Days
2	02/NCB/Works/ RRM/2079-80	Belrai Dekhi Bhachana Sadak Kalopatre	PCC Works , Cross Drainage Works & Sub-Base Works	51,79,005.46	1,30,000.00		3,000.00				

• Pre-Bid Meeting Shall be held on 7th Dec 2022 at 4:00 pm at Rohini Rural Municipality Office, Dhakdhai, Rupandehi .
• Bidders shall read the corresponding Bid Document carefully before the submission of bid.

Chief Administrative Officer